# प्रदेश सार्वजनिक सडक ऐन, २०७७

**प्रमाणीकरण मिति**

२०७७।०४।२५

**संवत् २०७७ सालको ऐन नं. ८**

**प्रदेश सार्वजनिक सडकको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन**

**प्रस्तावनाः** सर्वसाधारण जनतालाई सडकको सहज पहुँच, सुविधामा अभिवृद्धि गर्न तथा सन्तुलित आर्थिक विकासका लागि प्रदेश भित्रका प्रादेशिक सार्वजनिक सडकहरुको वर्गीकरण गरी सडकको निर्माण, संभार, विस्तार तथा सुधार गर्न समेत वाञ्छनीय भएकोले,

प्रदेशनं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "**प्रदेश सार्वजनिक सडक ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अधिकारी"** भन्नाले प्रदेश सरकारले तोकेको सडक क्षेत्रसँग सम्वन्धित अधिकारीलाई सम्झनु पर्दछ।

(ख) **"जग्गा"** भन्नाले जुनसुकै जग्गा सम्झनुपर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख, इत्यादि र सो सँग स्थायी रूपले जोडिएको चिज वस्तुलाई समेत सम्झनु पर्दछ।

(ग) **"झोलुङ्गे पुल"** भन्नाले पद मार्गमा पर्ने खोलानाला र नदी तर्ने सुविधाको लागि निर्माण गरिएको स्थायी भौतिक संरचनालाई जनाउँछ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ङ) **"पदमार्ग"** भन्नाले सडक सञ्जाल नरहेको स्थानहरुमा आवातजावातको लागि उपयोग हुने वैकल्पिक, पर्यटकीय वा परम्परागत रुपमा सञ्चालन वा उपयोग हुदै आएको पैदल मार्ग सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले प्रदेश नं १ को भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्दछ।

(छ) **"सडक कार्यालय"** भन्नाले प्रदेश सरकारको सडक सम्वन्धी कार्य गर्ने प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय एवम सडकसँग सम्वन्धित निकाय सम्झनु पर्दछ।

(ज) **"सडक सीमा"** भन्नाले सडक केन्द्र रेखाको दायाँबायाँ दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(झ) **“समिति”** भन्नाले ऐनको दफा १८ बमोजिमको समिति सम्झनु पर्छ।

(ञ) **"सार्वजनिक सडक"** भन्नाले कसैको निजी भोगचलनमा नरहेको प्रादेशिक सडक सम्झनुपर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, साईकल मार्ग र पैदल मार्गलाई समेत जनाउँछ।

## परिच्छेद -२

## प्रदेशको सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्ति

३. **पहिचान, वर्गीकरण तथा सडक सीमाः**(१) प्रादेशिक सार्वजनिक सडकहरुको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) संघ र स्थानीय तहको अधिकार क्षेत्र बाहेकको प्रदेशको पूर्व सीमा देखि पश्चिम सीमासम्म तथा उत्तर सीमा देखि दक्षिण सीमासम्म जोड्ने सडक प्रदेश लोकमार्गको रुपमा रहनेछ,

(ख) राष्ट्रिय लोकमार्ग वा प्रादेशिक लोकमार्गबाट शुरु भई प्रदेशका प्रमुख व्यापारीक केन्द्र, जिल्लाका केन्द्र, सेवाकेन्द्र, ठूला भौतिक संरचना तथा विद्युत विकासका क्षेत्र, दुई वा दुई भन्दा बढी राष्ट्रिय लोकमार्ग जोड्ने र धार्मिक तथा पर्यटन क्षेत्रहरु जोड्ने सडक प्रादेशिक सहायक लोकमार्गको रुपमा रहनेछ,

(ग) राष्ट्रिय लोकमार्ग, प्रादेशिक लोकमार्ग,प्रादेशिक सहायक लोकमार्ग देखि स्थानीय तहको केन्द्रसम्म वा एक स्थानीय तहको केन्द्र देखि अर्को स्थानीय तहको केन्द्र जोड्ने सडक प्रादेशिक मार्गको रुपमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सडकहरुको वर्गीकरण प्रदेश सरकारको सम्वन्धित मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वर्गीकरण गर्नेछ र वर्गीकृत सडकको नाम र क्षेत्र घोषणा गर्नेछ।

(३) उपदफा (२) बमोजिमको वर्गीकरण गर्दा सडकको मध्ये (केन्द्र भाग) रेखादेखि दायाँ बायाँ दुवै तिर देहाय बमोजिम सडक सीमा तोक्नु पर्नेछः-

(क) प्रादेशिक लोकमार्गको हकमा तराईमा बाह्र दशमलब पाँच मीटर र तीन मीटर सेट ब्याक र पहाडमा दश मीटर र दुई मीटर सेट ब्याक,

(ख) प्रादेशिक सहायक लोकमार्गको हकमा तराईमा दश मीटर र दुई मीटर सेट ब्याक तथा पहाडमा आठ मीटर र दुई मीटर सेट ब्याक,

(ग) प्रादेशिक मार्गको हकमा तराईमा आठ मीटर र एक दशमलब पाँच मीटर सेट ब्याक तथा पहाडमा छ मीटर र एक दशमलब पाँच मीटर सेट ब्याक।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडक सीमा तोक्दा मानव वस्ती, पर्यटकीय एवम् धार्मिक सम्पदा, ऐतिहासिक स्थान लगायतका कारणबाट सीमा हेरफेर गर्नु परेमा हेरफेर गर्नुको आधार र कारण खोली प्रदेश सरकारले निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय सार्वजनिक सूचना मार्फत सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (२) र (३) मा उल्लेख गरिएको बाहेक स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने सडकहरुको सीमाको हकमा उपदफा (३) मा उल्लेख भए बमोजिम सीमा नघटाई सडक सीमा तोक्न सक्नेछ र पदमार्ग तथा झोलुङ्गे पुलको हकमा पुल संरचना क्षेत्रको सीमा सम्वन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

(६) पुल रहने सडकको प्रकार, पुलको लम्बाई, पुलको चौडाई र पुलमा चल्न सक्ने यातायातका साधनहरुको प्रकार, भार बहन क्षमता एवम संख्याको आधारमा पुलको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

(७) झोलुङ्गे पुलको हकमा झोलुङ्गे पुलको वर्गीकरण प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -३

## स्थायी संरचना आदि बनाउन रोक्न र अन्य आवश्यक घर तथा जग्गा प्राप्त गर्न सक्ने सम्वन्धी व्यवस्था

४. **स्थायी संरचना बनाउन रोक्न सकिने:**(१) दफा (३) को उपदफा (३) बमोजिम सडक सीमा तोकिएकोमा सडकसीमा क्षेत्रभित्र र सडक सीमा नतोकिएकोमा सडकको किनारबाट तीन मिटरमा नबढ्ने गरी तोकेको सीमा भित्र प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पर्खाल बाहेकका अन्य कुनै किसिमको स्थायी संरचना निर्माण गर्न रोक्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाईएको सीमाभित्र कसैले सूचना प्राप्त गरि सके पछि कुनै किसिमको स्थायी संरचना निर्माण गरेमा त्यस्तो संरचना सडक कार्यालयको आदेशले भत्काउन सक्नेछ र सडक कार्यालयले त्यस्तो संरचना भत्काउँदा लागेको खर्च समेत सम्वन्धित संरचना निर्माण गर्ने व्यक्तिबाट प्रचलित कानून बमोजिम र तोकिए बमोजिम असूल उपर गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्य सम्पादन गर्दा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

५. **सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने:** सडकको निर्माण विस्तार वा सुधार गर्न वा सडक सीमाको कुनै जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति सम्वन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

६. **सडक निर्माण, विस्तार वा सुधार गर्दा अरु जग्गा प्राप्त गर्न सकिने:** (१) सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य पुरा नभएसम्म देहायको कामका लागि सडक निर्माणसँग सम्बन्धित कार्यालय मार्फत प्रदेश सरकारले कुनै जग्गा अस्थायी रुपले प्राप्त गर्न सक्नेछ र त्यसरी प्राप्त गर्दा सम्वन्धित जग्गा धनीसँग प्रचलित कानून बमोजिम सम्झौता गर्न सक्नेछः-

(क) सडकको निर्माण, विस्तार वा सुधार गर्ने निर्माणका आवश्यक सामान, उपकरण राख्न वा निर्माण विस्तार सम्वन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरु वस्ने घर, भण्डार वा कटेरो बनाउन,

(ख) सडकको निर्माण विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकमा हुने आवागमन चालु राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

वा उपकरण ओसारपसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन।

(२) उपदफा (१) बमोजिमको कामको लागि काबुबाहिरको परिस्थितिमा बाहेक देहाय बमोजिमको घर जग्गा प्राप्त हुदैनः-

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी रहेको घर, टहरा वा कटेरो,

(ख) देवस्थल, विद्यालय, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भईरहेको जग्गा।

(३) उपदफा (१) बमोजिम प्राप्त गरेको घर वा जग्गा जुन कार्यको निमित्त प्राप्त गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको सबैभन्दा नजिकको हकवालालाई सम्झौता बमोजिम जग्गा प्राप्त गर्दा कै अवस्थामा तोकिए बमोजिम फिर्ता गरिदिनु पर्नेछ।

७. **<u>घर तथा जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारणः</u>** (१) दफा (६) बमोजिम कुनै जग्गा प्राप्त गर्दा देहाय बमोजिमको घर तथा जग्गाको क्षतिपूर्ति उपदफा (२) बमोजिमको समितिले प्रचलित कानून बमोजिम निर्धारण गरे बमोजिम उपलव्ध गराउनेछः-

(क) कुनै घर, टहरा वा कटेरो, गोदाम सहित कुनै जग्गा प्राप्त गरेकोमा त्यस्तो घर, टहरा वा कटेरोको धनीले सो घर, टहरा वा कटेरो उपभोग गर्न नपाए वापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा प्राप्त गरिएको खण्डमा त्यस्तो बालीनाली लगाउन नपाए वापत सम्बन्धित जग्गा धनीले व्यहोर्नु परेको नोक्सानी बमोजिमको रकम,

(ग प्राप्त गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सामाग्री वा उपकरण राखे वापत सो जग्गा धनीलाई पुग्न गएको क्षति र सो जग्गालाई साविकको स्थितिमा ल्याउन जग्गा धनीले व्यहोर्नु पर्ने बराबरको रकम।

(२) उपदफा (१) बमोजिम दिईने क्षतिपूर्तिको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपूर्ति निर्धारण समिति रहनेछः-

(क) जिल्ला प्रशासन कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत -संयोजक
(ख) सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य
(ग) सम्वन्धित मालपोत कार्यालयको प्रमुख वा अधिकृतस्तरको प्रतिनिधि -सदस्य
(घ) सम्वन्धित नापी कार्यालयको प्रमुख वा अधिकृत स्तरको प्रतिनिधि -सदस्य
(ङ) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य
(च) सडक कार्यालयको प्रमुख -सदस्य-सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## परिच्छेद-४

## सडकको रेखदेख, सम्भार र अन्य व्यवस्था

८. **सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेख गर्ने:** (१) सम्वन्धित सडक कार्यालयले आवश्यकता अनुसार सार्वजनिक सडकको दायाँ बाँया रुख लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगाईएका रुखको रेखदेख र संरक्षण गर्ने कर्तव्य सम्वन्धित सडक कार्यालय र स्थानीय तहको हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाईएको रुखले आवातजावतमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने कार्य सडक कार्यालयको हुनेछ रत्यस्तो कार्यका लागि सडक कार्यालयले सम्वन्धित स्थानीय तह, वन कार्यालय, उपभोक्ता वा सरोकारवालासँग आवश्यक समन्वय गर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सडक कार्यालयले उपदफा (१) र (२) मा उल्लिखित कार्यहरू तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा समेत गराउन सक्नेछ।

९. **संरचनाको संरक्षण र वजनको हद निर्धारण गर्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सार्वजनिक सूचना प्रकाशित गरी कुनै सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हद तोकी त्यस्तो सार्वजनिक सडकमा त्यसरी तोकिएको हद भन्दा बढी वजनको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

१०. **आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने:** (१) सार्वजनिक सडक पुल तथा झोलुङ्गे पुलको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो,ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा सडक कार्यालयको आदेशानुसार आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा प्रचलित कानून बमोजिम उपयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माटो, ढुङ्गा वा बालुवा लिंदा त्यसमा रहेको कुनै बाली, रुख विरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी र त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिंदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम समेत प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै भौतिक संरचनाको निकट आसपासको जग्गाबाट माटो,ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित संरचनाको स्वामित्व प्राप्त व्यक्ति वा निकायको स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो,ढुङ्गा वा बालुवा लिन पाईने छैन।

११. **सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउन नपाउने:**(१) कसैले सार्वजनिक सडकमा कुनै माल सामान, वस्तु वा घरपालुवा दोपाया चौपाया छोडेको,राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याउन पाईने छैन।

(२) उपदफा (१) बमोजिम बाधा पुऱ्याउने मालवस्तु वा घरपालुवा दोपाया चौपाया तुरुन्त सडक कार्यालयले हटाउने वा मुनासिव माफिकको अवधि तोकि हटाउनका लागि सम्बन्धित मालवस्तु वा घरपालुवा दोपाया चौपाया धनी वा स्वामित्व हुने संस्थाको नाउँमा आदेश जारी गर्न

सक्नेछ र त्यस्तो आदेश प्राप्त भएपछि सडकमा छाडिएको मालबस्तु वा घरपालुवा दोपाया चौपाया हटाउने दायित्व स्वामित्ववालाको हुनेछ। नहटाएमा दण्डनीय हुनेछ।

(३) उपदफा (२) बमोजिम जारी भएको आदेश बमोजिमको अवधि भित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई सम्बन्धित सडक कार्यालयले दण्ड गरी जफत गर्नेछ।

(४) उपदफा (२) मा उल्लिखित माल वस्तु बाहेक सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडक तर्फ निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै संरचना, वस्तु, ढोका, रुखको हाँगा, लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध पुगेको भएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा सम्बन्धित सडक कार्यालयले तोकिए बमोजिम तत्काल आदेश जारी गर्न सक्नेछ।

तर यो ऐन लागू हुनु पूर्व प्रचलित कानून बमोजिम बनेका वा रहेका कुनै संरचना हटाउन पर्ने भएमा त्यस बापतको क्षतिपूर्ति दिई र केहि फेरबदलसम्म गर्नुपर्ने भएमा त्यस बापत लाग्ने खर्च प्रचलित कानून बमोजिम सडक कार्यालयले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली सम्वन्धित सडक कार्यालयमा तोकिए बमोजिम निवदेन दिन सक्नेछ र त्यस्तो निवेदन परेमा कार्यालयले एक पटकसम्म उचित समयावधि तोकी तोकिए बमोजिम म्याद बढाई दिन सक्नेछ।

(६) उपदफा (२) बमोजिम तोकिएको म्याद वा उपदफा (४) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिए बमोजिमको काम नगरेमा कार्यालयले आफ्नो कर्मचारी, प्रदेश प्रहरी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गराउन सक्नेछ। त्यसरी काम गराउँदा व्यक्तिको कुनै क्षति हुन गएमा त्यस्तो क्षति वापतको कुनै हर्जाना दिईने छैन।

१२. <u>**स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने:**</u>(१) सम्वन्धित सडक कार्यालयको स्वीकृति प्राप्त नगरी कसैले सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर, टहरो वा छाप्रो, गेट वा स्मारक बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै प्रकारका अन्य कुनै कार्य गर्न हुँदैन।

(२) कसैले सडक कार्यालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा सडक कार्यालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर टहरो वा छाप्रो वा गेट वा स्मारक भत्काउन वा आवादी गरेको जग्गा बझ्याउन मुनासिब माफिकको म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा तोकिए बमोजिमको आदेश जारी गर्न सक्नेछ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो वा गेट भत्काउन वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५

आवादी गरेको जग्गा बझ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट सडक कार्यालयले प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरी लिन सक्नेछ।

(४) सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको कार्य गर्न नहुने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>धरौटी दाखिला गराउने वा दस्तुर लिने अधिकार:</u>**(१) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा सडक कार्यालयको स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माग गरेमा सडक कार्यालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने सार्वजनिक सडक वा सडकसीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्च बापतको रकमको दोव्बर रकम तोकिए बमोजिम धरौटी लिई स्वीकृति प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिंदा त्यसरी सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरीका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालना गर्नु पर्ने अन्य शर्तहरू सडक कार्यालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालना गर्नेछु भनी स्वीकृतिको माग गर्ने व्यक्तिबाट कबुलियत गराउनु आवश्यक देखेमा सडक कार्यालयले सो समेत गराई लिन सक्नेछ।

(३) सडक खन्ने, भत्काउने र पुन मर्मत गर्ने सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **<u>सडक कार्यालयले खर्च भराउन सक्ने:</u>** (१) दफा (११) को उपदफा (२) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (३) बमोजिम कुनै काम कारवाही गर्दा कार्यालयले गरेको खर्चको रकम र निजले तिर्नु पर्ने दण्डको रकम सरोकारवाला व्यक्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(२) सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई सडक कार्यालयले आफनो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छाउँदा वा अन्यत्र लैजाँदा सो कार्यालयले व्यहोर्नु परेको खर्च असूल उपर नभएमा त्यस्तो खर्च असूल उपर गर्ने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५

## <u>सडक निर्माण सम्बन्धी व्यवस्था</u>

१५. **<u>सडक व्यवस्थापन, निर्माण, सम्भार एवं संचालन:</u>**(१) प्रादेशिक सडकको निर्माण, सम्भार, संचालन र व्यवस्थापनको सम्पुर्ण जिम्मेवारी प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको सडक कार्यालयको हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा प्रदेश सरकारले प्रचलित कानून बमोजिम योजनाबद्ध ढंगले गर्नेछ र सडक निर्माण गर्दा सडक छेउ, तल वा माथि अवस्थित पहिले नै निर्माण भई उपयोगमा रहेका झोलुङ्गे पुल वा अन्य साँस्कृतिक, ऐतिहासिक, भौतिक संरचना, व्यक्तिगत संरचना, प्राकृतिक सम्पदा र वातावरणलाई समेत सम्भव भएसम्म संरक्षण गरिनेछ। संरक्षित हुने अवस्था नआएमा ती संरचनाको क्षतिपूर्ति वा उपयुक्त स्थानमा संरचना पुन: निर्माण गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ५

(३) प्रदेश सरकारले सडक निर्माण तथा व्यवस्थापनमा सुशासन तथा जवाफदेहितालाई स्थापित  गर्ने उद्देश्यले सडक डिजाईन, निर्माण तथा अनुगमनको कार्य तोकिए बमोजिमको व्यवस्था बमोजिम गराउन सक्नेछ। त्यसरी डिजाईन, निर्माण तथा अनुगमन गर्दा योजना स्थलसँग सम्बन्धित रहेका अन्य योजनाको सम्बन्धित कार्यालयसँग सहकार्य र समन्वय गरी योजना तर्जुमा गरिनेछ।

(४) प्रदेश सरकारले सार्वजानिक सडक निर्माण तथा व्यवस्थापनमा सुशासन तथा जवाफदेहितालाई संस्थागत गर्न सरकारी तथा गैर-सरकारी निकाय, अन्तर्राष्ट्रिय दातृ निकाय वा अन्य संघ संस्थासँग तोकिए बमोजिम आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।

१६. **साझेदारीमा कार्य गर्न सक्ने:**(१) प्रदेश सरकारले प्रदेशमा सार्वजनिक सडकका अतिरिक्त विशेष मार्ग, पुल, सुरुङ्ग मार्ग, केवलकार, जल यातायात जस्ता सडक तथा यातायातसँग सम्वन्धित निर्माणका लागि गैर-सरकारी क्षेत्र वा निजी क्षेत्रसँग सार्वजानिक निजी साझेदारीका (पब्लिक-प्राईभेट-पार्टनर्सिप) आधारमा निर्माण, सञ्चालन र हस्तान्तरण सम्वन्धी कार्य गर्न सक्नेछ र त्यस्तो निर्माण सम्वन्धी व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

(२) सार्वजनिक निजी साझेदारीमा नीजि क्षेत्रबाट लगानी गर्न चाहेमा तोकिए बमोजिमको सुविधा दिने गरी र तोकिए बमोजिमको अवधिभर तोकिए बमोजिमको दस्तुर लगाउन सक्ने गरी निर्माण,सञ्चाल्लन र हस्तान्तरण सम्वन्धी कार्यका लागि अनुमति दिईनेछ।

(३) उपदफा (२) बमोजिमको अनुमति सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

१७. **सडक खन्नु परेमा सूचना दिनु पर्ने:**(१) कुनै पनि सार्वजनिक निकायले कुनै कामको लागि सडक वा सडक सीमा खन्नु पर्दा सडक कार्यालयलाई अन्तिम पूर्व सूचना दिई तोकिए बमोजिमको शर्तको अधिनमा रही खन्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सडक सीमा खन्नु पर्दा सार्वजनिक यातायात सेवामा अवरोध नहुने गरी खन्नु पर्नेछ।

## परिच्छेद-६

## सडक विकास समन्वय समिति

१८. **सडक विकास समन्वय समितिको गठन:**सडक तथा पुलको निर्माण तथा व्यवस्थापन सम्वन्धी आवश्यक कार्य गर्नको लागि देहाय बमोजिमको एक सडक विकास समन्वय समितिको गठन गरिनेछ:-

| | |
|---|---|
| (क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | -अध्यक्ष |
| (ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| (ङ) सचिव, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (च) सचिव, उद्योग, पर्यटन,वन तथा वातावरण मन्त्रालय | -सदस्य |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(छ) संघीय सडक सुपरीवेक्षण तथा अनुगमन निर्देशनालयको प्रतिनिधि -सदस्य

(ज) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(झ) प्रदेश सरकारले मनोनयन गरेको विज्ञहरु मध्येबाट १ जना विज्ञ -सदस्य

(ञ) प्रदेश सरकारले मनोनयन गरेको यातायात व्यवसायीहरुका संस्थाहरु मध्येबाट एक जना प्रतिनिधि -सदस्य

(ट) सडक महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य-सचिव

१९. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>**(१) दफा १८ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रादेशिक सार्वजनिक सडक निर्माण, विकास, सञ्चालन र व्यवस्थापन सम्वन्धी नीति तयार गर्ने,

(ख) प्रादेशिक सार्वजनिक सडक निर्माण, विकास, सञ्चालन र व्यवस्थापन सम्वन्धी आवश्यक समन्वय गर्ने,

(ग) सडक निर्माण र सञ्चालनमा देखिएका समस्या र तिनको समाधान सम्वन्धी आवश्यक योजना तयार गर्ने,

(घ) प्रादेशिक सार्वजनिक सडकको सम्वन्धमा मन्त्रालय र प्रदेश सरकारलाई आवश्यक सुझाव दिने।

(२) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) समितिको बैठक सम्वन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-७

## <u>सजाय र पुनरावेदन</u>

२०. **<u>सजायः</u>** (१) कसैले दफा ८ बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा, दफा ९ विपरित बढी वजनको सवारी चलाएमा वा दफा १० र ११ को बर्खिलाप हुने गरी काम गरेमा दश हजारदेखि वीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) यस ऐन बमोजिमको कुनै निर्णय कार्यान्वयन गर्दा वा कुनै सूचना टाँस गर्दा वाधा बिरोध गरेमा वा हुल हुज्जत गरेमा पच्चीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) कसैले दफा १२ को उपदफा (१), (२) र (३) विपरितको कार्य गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) यस ऐन बमोजिम हुने सजाय र जरिवाना सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२१. **<u>सजाय तोक्ने अधिकारी र सजायको छानविन, दायरी र निर्णयः</u>** (१) दफा २० बमोजिम हुने सजायको निर्धारण गर्ने कार्य सम्वन्धित सडक कार्यालय प्रमुखको हुनेछ र त्यस्तो कार्यालय प्रमुख कम्तिमा राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

तर कार्यालय प्रमुख राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको भन्दा तल्लो श्रेणीको कर्मचारी भएमा माथिल्लो निकायमा कार्यालयको राय सहित सजाय निर्धारणको लागि पेश गर्नु पर्नेछ।

(२) दफा २० बमोजिम हुने सजायको अनुसन्धानको तथा छानविन कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारीले गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम छानविन गर्ने कर्मचारीले प्रचलित कानून र तोकिए बमोजिमको प्रक्रिया अपनाई छानविन गर्नु पर्नेछ र त्यस्तो छानविनबाट प्राप्त प्रतिवेदन उपदफा (१) बमोजिमको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भएपछि कारण र आधार समेत उल्लेख गरी उपदफा (१) बमोजिमको अधिकारीले यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ।

तर त्यसरी सजाय गर्नु पूर्व निजलाई आफ्नो सफाई पेश गर्न मनासिव मौकाबाट बञ्चित गरिने छैन।

२२. **<u>सजाय उपरको पुनरावेदनः</u>**(१) दफा २१ बमोजिम तोकिएको अधिकारीले सजाय सम्वन्धी निर्णय गरेमा सो निर्णय उपर चित्त नवुझ्ने पक्षले जानकारी पाएको तीस दिन भित्र मन्त्रालयको सचिव समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी परेकोमा मन्त्रालयको सचिवले पैंतीस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको लागि मन्त्रालयलको सचिवले आवश्यक राय प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-८

## <u>विविध</u>

२३. **<u>अधिकार प्रत्यायोजनः</u>** यस ऐन बमोजिम सडक कार्यालयलाई प्राप्त अधिकार मध्ये सबै वा कुनै अधिकार प्रदेश सरकारले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२४. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमावली बनाउन सक्नेछ।

२५. **<u>वचाउः</u>** यो ऐन प्रारम्भ हुनु भन्दा अघि यसै ऐन बमोजिम गर्नुपर्ने कार्य गरेको भए यसै ऐन बमोजिम गरेको मानिनेछ।

२६. **<u>वाधा अड्काउ फुकाउः</u>** यस ऐनको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा ऐनको व्यवस्थाको अधिनमा रही प्रदेश सरकारले त्यस्तो वाधा अडकाउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १